आयोजना संयोजक

# Section I. Invitation for Sealed Quotation

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**पहाडी साना किसानका लागि अनुकूलन आयोजना**
**हात्तीसार काठमाण्डौ ।**

(प्रथम पटक प्रकाशित मिति २०७८/०४/१२)

यस आयोजनाको लागि चालु आ.व २०७८/०७९ मा सुर्खेत मुकाम रही मूलत: आयोजना संचालन भएका जिल्लाहरु कालिकोट, दैलेख, सल्यान, जाजरकोट, रोल्पा, रुकुम पूर्व, रुकुम पश्चिमका जिल्लाहरुमा आवश्यकता अनुसार र आयोजनाको अन्य काममा प्रयोगका निमित्त सवारी साधन भाडामा लिनु पर्ने भएकोले योग्यता पुगेका र तोकिएका सर्तहरु पूरा गर्न इच्छुक फर्म/कम्पनी र सवारी धनीहरु खरीद प्रकृयामा सहभागी हुनको लागि यो सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | बोलपत्र नं. | विवरण | फारम दस्तुर रु. | फारम खरिद गर्ने अन्तिम मिति, समय र स्थान | दर्ता गर्ने अन्तिम मिति, समय र स्थान | खोल्ने मिति, समय र स्थान | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | आशा-१-०७८/७९ | **सवारीको किसीम**<br>- पिकअप जीप - १(एक)<br>- न्यूनतम् २२०० सी सी<br>- डबल क्याबीन ।<br>- फोर ह्वील ।<br>- A/C र full options सहित Off road योग्य (स्कोरपीयो वा सो सरहको सुविधा भएको न्यूनतम २०१७ मोडलको सवारी साधन चालक सहित | १०००/- | २०७८/०४/२६ गते ५:०० बजे सम्म पहाडी साना किसानका लागि अनुकूलन आयोजना, आयोजना समन्वय इकाई, हात्तीसार, काठमाण्डौ र प्राविधिक सहयोग इकाई, सुर्खेत | ०७८।०४।२७ गते १२:०० बजे सम्म पहाडी साना किसानका लागि अनुकूलन आयोजना, आयोजना समन्वय इकाई, हात्तीसार, काठमाण्डौ | २०७८।०४।२७ गते २:०० बजे देखि पहाडी साना किसानका लागि अनुकूलन आयोजना, आयोजना समन्वय इकाई, हात्तीसार, काठमाण्डौं | ४८०००/- |

१. इच्छुक प्रस्तावदाताले लिखित निवेदन सहित फर्म/कम्पनी दर्ता, नविकरण, कर चुक्ता (०७६/७७ को), व्यवसायिक इजाजत र मु.अ कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, सवारीका सम्पूर्ण कागजात हरु सहित फाराम शुल्क वापतको रु १,०००।०० (फिर्ता नहुने) राजस्व संकेत नं. १४२२९ कार्यालय कोड नं. ३२९०१३५०४ जम्मा गरेको सक्कल भौचर सहित तोकिएको मिति समय भित्र तोकिए बमोजिमको कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरीद गर्न सकिने छ ।

२. सवारीधनी व्यक्ति मात्र भए नागरिकताको प्रतिलिपी सहित सवारी साधनका सम्पूर्ण कागजात र PAN को प्रमाण पत्रका साथ बुँदा नं १ मा उल्लेख भए अनुसारको फाराम शुल्क जम्मा गरेको सक्कल भौचर पेश गरी तोकिए बमोजिमको कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरीद गर्न सकिने छ ।

३. जमानत वापत बैकंहरुले जारी गरेको विडवण्ड पत्र वा नगदै राख्न सकिने छ । नगद जमानतका लागि तपशिल अनुसारको धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी पेश गर्नु पर्नेछ ।

- कार्यालयको नाम: को.ले.नि.का, लैनचौर
- खाता नं.: ११००१००१०२०३०००००
- रकम जम्मा गर्न पठाउने कार्यालयको कोड नं.: ३२९०१३५०४



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय पहाडी साना किसानका लागि अनुकूलन आयोजना हात्तिसार, काठमाण्डौ

- रकम जम्मा गर्न पठाउने कार्यालयको नाम: पहाडी साना किसानका लागि अनुकूलन आयोजना, हात्तिसार, काठमाण्डौ ।

४. बोलपत्र खरीद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी कार्यहरु कार्यालय खुलेको दिनबाट क्रमश: सोही समयमा गरिने छन् ।

५. यस सूचनामा उल्लेख भएका विषयहरु/कुराहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछन् ।

६. सूचना सम्बन्धी सर्तहरु यस आयोजनाको website asha.gov.np मा र कार्यालयमा सम्पर्क राखी लिन र बुझ्न सकिने छ ।

आयोजना संयोजक
(डा.बिनोद प्रसाद देवकोटा)
पहाडी साना किसानका लागि अनुकूलन आयोजना, आयोजना समन्वय ईकाई,
हात्तिसार, काठमाण्डौ सम्पर्क फोन नं.०१-४४३४५०४

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
पहाडी साना किसानका लागि अनुकूलन आयोजना
हात्तीसार, काठमाडौ

# पहाडी साना किसानका लागि अनुकूलन आयोजनाको लागि आवश्यक सवारी साधन भाडामा लिने सम्बन्धी सर्तहरु

यस पहाडी साना किसानका लागि अनुकूलन आयोजनाको लागि आवश्यक **सवारी साधन भाडामा** दिन इच्छुक कम्पनी/फर्म/सवारी धनीहरुबाट निम्नानुसारको शर्तको अधिनमा रहने गरी सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः-२०७८/०४/१२ गते**

१. राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनुसार मिति २०७८ श्रावण २६ गते दिनको ५:०० बजे सम्ममा इच्छुक दरभाउपत्रदाताहरुले दरभाउपत्र खरिद गरी सक्नु पर्नेछ र मिति २०७८ श्रावण २७ गते दिनको १२:०० बजे सम्म सिलबन्दी दरभाउपत्र यस आयोजनाको आर्थिक प्रशासन शाखा, हात्तिसार काठमाण्डौमा दर्ता गरि सक्नु पर्नेछ । मिति २०७८ श्रावण २७ गते दिनको २:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि (उपस्थित नरहे पनि) को रोहबरमा प्राप्त सिलबन्दी दरभाउपत्रहरू खोलिने छ । माथि उल्लेखित दिनहरुमा सार्वजनिक बिदा परेमा उल्लेखित कार्यहरु कार्यालय खुलेको दिनबाट सोही समयमा क्रमश गरिनेछ ।

२. सिलबन्दी दरभाउपत्र साथ फर्मको दर्ता, नविकरण, इजाजतपत्र, भ्याट दर्ता, आ.व.२०७६।०७७ को कर चुक्ताको प्रमाण पत्र र कालो सूचीमा नपरेको स्वः घोषणापत्रका प्रमाणित प्रतिलिपिहरू र सवारी साधनका सम्पूर्ण कागजजातहरु अनिवार्य संलग्न हुनु पर्नेछ । ब्यक्तिहरुको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र साथ **रू.५१,०००।-** को.ले.नि.का. लैनचौरको नाममा रा.वा. बैंक, ठमेल शाखाामा रहेको धरौटी खाता नं ११००१००१०२०३०००० मा नगद जम्मा गरी सोको सक्कल भौचर वा कम्तीमा ७५ दिन अवधि भएको बाणिज्य बैङ्कद्वारा जारी भएको बिड बण्ड ग्यारेन्टी पत्र संलग्न हुनु पर्नेछ । सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि दरभाउपत्रदाताले धरौटी बापत सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ बमोजिम हुने रकम तपसील अनुसारको धरौटी खातामा जम्मा गरेको नगद भौचर वा सम्झौता अवधि भन्दा ३० दिन बढी म्याद भएको बैङ्क ग्यारेन्टी पेश गरी सम्झौता गर्नु पर्नेछ ।

कार्यालयको नामः को.ले.नि.का, लैनचौर
धरौटी खाता नं.: ११००१००१०२०३००००
रकम जम्मा गर्न पठाउने कार्यालयको कोड नं.: ३२९०१३५०४
रकम जम्मा गर्न पठाउने कार्यालयको नामःपहाडी साना किसानका लागि अनुकूलन आयोजना, हात्तिसार,काठमाण्डौं ।

४. सिलबन्दी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्रदाताले खरिद सम्झौताको पत्र पाएको मितिले अधिकतम ७ दिन भित्रमा सम्झौता गरि सक्नु पर्नेछ । सम्झौता नगरेमा धरौटी रकम जफत गरी अर्को व्यवस्था गर्न सकिनेछ । यसमा कुनै किसिमको दावी विरोध लाग्ने छैन । कार्यालयले मौखिक वा लिखित रुपमा यथासक्य चाँडो सम्झौता गरी सवारी साधन प्रयोगको शर्तहरु राख्न सक्नेछ ।

५. सिलबन्दी दरभाउपत्रमा उल्लेखित दर अङ्क र अक्षरमा प्रष्ट उल्लेख गरेको हुनु पर्नेछ। केरमेट भएको स्थानमा सिलबन्दी दरभाउपत्रदाताको दस्तखत गरी फर्मको छाप (छाप लगाउने सम्वन्धमा फर्म वा कम्पनीले दरभाउपत्र पेश गरेको हकमा मात्र लागू हुने) लागेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। सिलबन्दी दरभाउपत्रको मूल्यांकन नियमानुसार गरिनेछ।

६. दरभाउपत्रदाताको कुनै पनि शर्त राखी सिलबन्दी दरभाउपत्र स्वीकार हुने छैन ।

७. सिलबन्दी दरभाउपत्र आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस आयोजनामा सुरक्षित रहनेछ। कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र रद्द गर्न सकिनेछ।

८. स्वीकृत सिलबन्दी दरभाउपत्रदाता र यस आयोजना बीच सम्झौता भएको मितिले यस सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेखित मितिमा वा सम्झौतामा उल्लेखित मितिमा सेवा दिन शुरु गरिसक्नु पर्नेछ। सम्झौता बमोजिम सिलबन्दी दरभाउपत्रदाताले तोकिएको समयसम्म सेवा दिनु पर्नेछ । सेवा नदिएमा वा विचैमा छाडेमा धरौटी जफत गरिने छ र सार्वजनिक खरिद ऐन, नियमावली अनुसार कालो सूचिमा राख्नको लागि प्रक्रिया अगाडी बढाइने छ ।

९. निम्नानुसार रित नपुगेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

- सिलवन्दी दरभाउपत्र फाराम भरी नआएको ।
- कार्यालयबाट जारी गरिएको सिलबन्दी दरभाउपत्रलाई फोटोकपी गरी भरेर पेश गरेको ।
- सिलवन्दी भई नआएको ।
- सिलबन्दी दरभाउपत्र दिनेको सहिछाप भै नआएको ।
- सिलबन्दी दरभाउपत्रको सूचना बमोजिम तोकिएको बैङ्क डिपोजिट वा बैङ्क ग्यारेन्टी संलग्न भई साथ नआएको
- म्याद भित्र दाखिला हुन नआएको ।
- जुन फर्म, कम्पनी वा ब्यात्तिको नाममा फाराम विक्री भएको हो सोही फर्म, कम्पनी वा ब्यात्तिको बाट दर्ता हुन नआएको ।
- आवश्यकता अनुसारका कागजजातहरु संलग्न राखी पेश हुन नआएको ।
- अकै कम्पनी/फर्म वा व्यात्तिको नाममा रहेको सवारी साधनको सिलबन्दी दरभाउपत्र पेश गरिएको ।

१०. **दरभाउपत्र दर्ता गर्दा भाडामा दिने सवारी साधनको बाहिर तथा भित्रको सवै देखीने रंगीन फोटाहरु समेत सिलबन्दी गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।**

११. **सवारी साधनको बाहिर र भित्रको** फोटो तथा स्पेशिफिकेशन अनुसार मूल्याङ्कन समितिले मूल्याङ्कन गरी उपयुक्त छ भनी प्रमाणित गरेपछि मात्र सवारी साधन भाडामा लिईनेछ।

१२. सिलबन्दी दरभाउपत्रदाताले यस आयोजनाले उपलब्ध गराएको सिलबन्दी दरभाउपत्र फारममा थप आफ्नो कागजात राख्दा सिलसिलेवार मिलाई पेश गर्नुपर्नेछ ।

१३. कार्यालयले आफ्नो सुविधा अनुसार मासीक वा पटके भाडादर स्वीकृत गर्न सक्नेछ।

१४ सवारी साधनको विमा, तेश्रो पक्ष विमा र यात्रु विमा तथा नविकरण शुल्क, कर, पटके कर, सडक सुधार दस्तुर सवारीधनी स्वयंले ब्यहोर्नु पर्नेछ । साथै सवारी साधनको सम्पुर्ण मर्मत खर्च समेत सवारी धनी कै पक्षवाट हुनेछ ।

१५. माथि सिलबन्दी दरभाउपत्रमा भएका विषयहरु नेपाली वा अंग्रेजी तोकिएको नमूना अनुसार तयार गरी गर्नु पर्नेछ ।

१६ भाडामा लिएको सवारी साधन सहित सवारी चालकको सेवा आयोजनाले सम्झौता अवधिभर निर्वाध रुपमा आवश्यकता अनुसार कुनै पनि बेला प्रयोग गर्न सक्नेछ।



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय पहाडी साना किसानका लागि अनुकूलन आयोजना हातिसार, काठमाण्डौं

आयोजना संयोजक

१७ सवारी साधनको प्रयोगको सिलशिलामा आवश्यक इन्धन (डिजेल/पेट्रोल) आयोजनाको तर्फबाट उपलब्ध गराईने छ भने मर्मत सम्भारका सम्पूर्ण कामहरु सवारीधनीले नै गर्नु पर्नेछ ।

१८ सवारी साधन २ दिन भन्दा बढी अवधिसम्म मर्मत सम्भारका लागि राख्नु पर्ने भएको खण्डमा २ दिन भन्दा बढी अवधिको सेवा शुल्क भुक्तानी गरिने छैन । यदी विशेष कारणबस २ दिन भन्दा बढी सवारी साधन मर्मत सम्भारका लागि राख्नु पर्ने अवस्था सिर्जना भएको खण्डमा सवारी धनीले सो भन्दा २ वर्ष नयाँ मोडलको सोही कम्पनी र नामको सवारी साधन उपलब्ध गराई सेवा दिन सक्नेछ ।

१९ सवारी साधनको हकमा सन २०१७ Model देखिको सवारीलाई मात्र मान्यता दिइने छ । यदी सो भन्दा अगाडीका सवारीका साधनको लागि बोलपत्र पेश भएको भए सो बोलपत्र स्वत रद्ध भएको मानिने छ ।

२० भ्रमणको अवस्थामा सवारी चालकको खाने बस्ने लगायतको खर्च व्यहोर्ने दायित्व सवारी धनीको नै हुनेछ ।

२१ पूर्व निधारित भएका दशै र तिहारका विदाहरुको हकमा जम्मा हुन आउने विदाका दिनहरुको भुक्तानी दिईने छैन ।

२२ राष्ट्रिय विपत्ती तथा पूर्ण लकडाउन जस्ता अवस्था सिर्जना भई सवारी साधन पूर्ण रुपमा चल्न नसकेको खण्डमा सो अवधिको सवारी साधन परिचालनको सेवा शुल्क भुक्तानी गरिने छैन । तर अनुमती (पास)लिई चलाउन पाउने अवस्थामा अनुमती लिई चलाएको सम्पूर्ण प्रमाण पेश भएमा चलाएको दिनको भाडा भूक्तानी गरिने छ ।

२३ मासिक वा पटके भाडादर कायम गर्दा मिति २०७८ साल भदौ १ गते देखि मिति २०७९ साल असार मसान्त सम्ममा जम्मा हुने दिनले जम्मा स्वीकृत दरभाउ मुल्यलाई भाग गरेर मासिकका लागि ३० दिनले गुणान गरी मासिक दर कायम गर्ने र पटकेका निमित्त यसै बुदाँमा उल्लेखित अवधिमा जम्मा हुन आउने दिनले जम्मा स्वीकृत वा सम्झौता मूल्यलाई भाग गरी दैनिक भाडादर कायम गरिनेछ साथै कट्टी हुने दैनिक वा मासिक भाडामा समेत यही दररेट लागू हुनेछ ।

२४ कट्टी गरिने कर लगायत यसमा उल्लेख नभएका कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

२५ थप जानकारीका लागि आयोजनाको आर्थिक प्रशासन शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**संलग्न सवै शर्त तथा सूचना मञ्जुर गरी यो दरभाउपत्र पेश गरेको छु ।**

प्रोप्राइटर/प्रवन्ध निर्देशक को नाम :......................................................................

फर्मको नाम : ......................................................................................................

ठेगाना : ..........................................................................................................

फोन नं. : ..............................................हस्ताक्षर : ..............................

फर्मको छाप :



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय पहाडी खेती किसानका लागि अनुकूलन आयोजना हात्तिसार, काठमाण्डौ